# पाख्रीबास नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

पाख्रीबास, धनकुटा
२०७३
कोशी प्रदेश नेपाल

प.सं. :- २०८२।०८३
च.नं. :-

मिति : २०८२।०९।२२

**सूचना ।** **सूचना** **।। सूचना ।।।**

**श्री वडा कार्यालय सबै ।**
**श्री वन उपभोक्ता समूह, समिति सबै ।**
**पाख्रीवास, धनकुटा ।**

प्रस्तुत विषयमा कोशी प्रदेशको आर्थिक ऐन २०८१ को दफा ९ र प्रदेश आर्थिक ऐन २०८२ को दफा ९, दफा १८ तथा अनुसूची-८ अनुसारको पर्याटन शुल्कमा सामुदायिक वन तथा अन्य वन क्षेत्रको पर्यापर्यटन, पिक्निक स्थल, तात तलैया, पार्क लगायतमा उठ्ने रकमको २० प्रतिशतले हुने रकम स्थानीय तहमा दाखिला गर्नुपर्ने व्यवस्था रहेको साथै मेला महोत्सव, सर्कश, प्रदर्शनि, मनोरञ्जनात्मक खेलकुद, सांस्कृतिक कार्यक्रम सञ्चालन अनुमतिका लागि स्थानीय तहबाट सिफारिस लिँदा कोशी प्रदेशको आर्थिक ऐन २०८२ को अनुसूचि ४ बमोजिम मनोरञ्जन कर बुझाउनु पर्ने व्यवस्था रहेको हुँदा सम्बन्धित निकायले सोही बमोजिम गर्न गराउनु हुन यसै सूचना साथ अनुरोध छ ।

२०८२/९/22

.............................
सुनिल पौडेल
प्रमुख प्रशासकीय अधिकृत

कोशी प्रदेश सरकार

आर्थिक मामिला तथा योजना मन्त्रालय

# प्रदेश राजस्व कार्यालय

इटहरी, सुनसरी, नेपाल

प.सं. :- ०८२/८३

च.नं. :- ७६

मिति :- वि.सं. २०८२/०९/२१

ने.स. :- ११४६ पोहेलागा, २ सोमवार

विषयः वन क्षेत्रको पर्यटन शुल्क सङ्कलन सम्बन्धमा।

श्री महानगरपालिका/ उप-महानगरपालिका, नगरपालिका, गाउँपालिका सबै

कोशी प्रदेश, नेपाल।

प्रस्तुत विषयमा कोशी प्रदेशको आर्थिक ऐन, २०८१ को दफा ९ र प्रदेश आर्थिक ऐन, २०८२ को दफा ९, दफा १८ तथा अनुसूची-८ अनुसारको पर्यटन शुल्कमा **सामुदायिक वन तथा अन्य वन क्षेत्रको पर्यापर्यटन, पिकनिक स्थल, तालतलैया, पार्क लगायतमा उठ्ने रकमको २० (बीस) प्रतिशतले हुने रकम** स्थानीय तहमा दाखिलाको लागि डिभिजन वन कार्यालयबाट वन उपभोक्ता समूह वा समितिलाई पत्राचार गर्ने व्यवस्था मिलाइएको हुँदा पालिकाभित्र रहेका वन समूह, समिति वा संस्थाबाट शुल्क सङ्कलनको पहल गरिदिन हुन र स्थानीय विभाज्य कोष खाता नं, राजस्व शीर्षक/कोड उपलब्ध गराई पर्यटन शुल्क सङ्कलनमा सहजीकरणको लागि अनुरोध गर्दछु।

प्रमाणित डिजिटल हस्ताक्षर गर्ने व्यक्ति
Bidur Poudel
pro.koshi82@gmail.com

(विदुर पौडेल)

शाखा अधिकृत

पाखीबास नगरपालिका
दर्ता नं. २२४
दर्ता मिति २०८२/९/२२

कोशी प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय

# प्रदेश राजस्व कार्यालय

इटहरी, सुनसरी, नेपाल

कोशी प्रदेश

प.सं. :- ०८२/८३
च.नं. :- ७४

मिति :- वि.सं. २०८२/०९/२०

ने.स. :- ११४६ पोहेलागा, १ आइतवार

विषयः मेला, महोत्सव लगायतको मनोरञ्जन कर सम्बन्धमा।

श्री महानगरपालिका/ उप-महानगरपालिका, नगरपालिका, गाउँपालिका सबै, कोशी प्रदेश, नेपाल।

प्रस्तुत विषयमा मेला, महोत्सव, सर्कश, प्रदर्शनी, मनोरञ्जनात्मक खेलकुद, सांस्कृतिक कार्यक्रम सञ्चालनको अनुमतिका लागि स्थानीय तहबाट सिफारिस लिँदा कोशी प्रदेशको आर्थिक ऐन, २०८२ को अनुसूची-४ बमोजिम मनोरञ्जन कर बुझाउनु पर्ने व्यवस्था रहेको छ। उपरोक्त बमोजिमका मनोरञ्जनात्मक क्रियाकलाप सञ्चालनको अनुमति सम्बन्धित वडा कार्यालयबाट समेत हुने गरेकोमा कतिपय आयोजकले नियमानुसारको मनोरञ्जन कर नबुझाइ त्यस प्रकारका क्रियाकलाप/कार्यक्रम सञ्चालन गर्ने गरेको हुनाले प्रदेश सरकार तथा स्थानीय सरकारको राजस्व चुहावट भइरहेको हुँदा तहाँ कार्यालय वा मातहतको कार्यालयबाट मनोरञ्जनात्मक कार्यक्रम सञ्चालनको सिफारिस वा अनुमति प्रदान गर्दा ऐन बमोजिम मनोरञ्जन कर सङ्कलन गर्न, गराउन हुन अनुरोध गर्दछु।

प्रमाणित डिजिटल हस्ताक्षर गर्ने व्यक्ति
Bidur Poudel
pro.koshi82@gmail.com

(विदुर पौडेल)
शाखा अधिकृत

वेबसाइटः- pro.koshi.gov.np फोन नं:- ०२५-५९०७१९ इमेलः- pro.koshi82@gmail.com
"कोशीको गौरव हिमालको शान, पर्यटन वर्षमा सबैलाई सम्मान"

about:blank

pro.koshi.gov.np

# मेला, महोत्सव, प्रदर्शनी लगायतका कार्यक्रम सञ्चालनमा लाग्ने

## मनोरञ्जन कर सम्बन्धी जानकारी

कोशी प्रदेश आर्थिक ऐन, २०८२ को दफा ५ सँग सम्बन्धित अनुसूची-४ मा उल्लेख भए अनुसार मेला, महोत्सव लगायतका मनोरञ्जनात्मक कार्यक्रम सञ्चालन गर्दा सम्बन्धित स्थानीय तहमा बुझाउनु पर्ने मनोरञ्जन करको प्रावधान देहाय अनुसार रहेको छः-

- मेला, महोत्सव, सर्कस, मनोरञ्जनात्मक खेलकुद, सांस्कृतिक कार्यक्रम सञ्चालनको अनुमतिको लागि स्थानीय तहबाट सिफारिस लिंदा मनोरञ्जन कर बुझाउनु पर्नेछ।
- कोशी प्रदेश सरकारका निकाय वा स्थानीय तहबाट कुनै मेला, महोत्सव, सांस्कृतिक कार्यक्रम आदिमा अनुदान सहयोग माग गर्दा वा भुक्तानी निकासा गर्दा मनोरञ्जन कर दाखिला भएको कागजात पेश गर्नु पर्नेछ।
- आ.व.२०८२/८३ को लागि तोकिएको मनोरञ्जन करको दरः-

| शीर्षक | कार्यक्रम/ व्यवसायको प्रकृति | महानगरपालिका /उप-महानगरपालिका | तराई र भित्री मधेशका जिल्लाहरू | | हिमाल र पहाडका जिल्लाहरू | |
|---|---|---|---|---|---|---|
| | | | नगरपालिका | गाउँपालिका | नगरपालिका | गाउँपालिका |
| मेला, महोत्सव, प्रदर्शनी, सर्कस, साँस्कृतिक कार्यक्रम, मनोरञ्जनात्मक कार्यक्रम, मनोरञ्जनात्मक खेलकुद प्रतियोगिता **(प्रतिदिन रु.)** | ठूलो प्रकृतिका (८ दिन वा सोभन्दा बढी सञ्चालन हुने) | २० हजार | १२ हजार | १० हजार | ७ हजार | ५ हजार |
| | मझौला प्रकृतिका (७ दिनसम्म सञ्चालन हुने) | १० हजार | ७ हजार | ५ हजार | ३ हजार | २ हजार |
| जादु, चटके लगायत निश्चित अवधिसम्म सञ्चालन हुने साना प्रकृतिका मनोरञ्जनमा **(प्रतिदिन) रु.** | साना प्रकृतिका | १ हजार | ८ सय | ५ सय | ३ सय | २सय |

- कृषि तथा औद्योगिक मेला वा प्रदर्शनीलाई लाग्ने मनोरञ्जन करमा ५० प्रतिशत छुट हुनेछ।
- मनोरञ्जन कर स्थानीय विभाज्य कोषमा जम्मा गरी प्रदेश सरकार र स्थानीय सरकारबीच बाँडफाँड हुनेछ। मनोरञ्जन कर वापतको रकम राजस्व शीर्षक ३३३४२ मा दाखिला गर्नु पर्नेछ।